आज मिति २०७७/०८/२३ गते दिनको ११:०० बजे यस गोरखा नगरपालिका नगर प्रमुख श्री राजनराज पन्तज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो । बैठकमा निम्नानुसारका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उपप्रमुख | श्री विना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल बहादर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री विना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री दिनेश राज पन्त | |
| | अन्य उपस्थिति | | |
| २६ | इन्जिनियर | प्रकाश ढकाल | |
| २७ | अधिकृत | चेत प्रसाद ओगाई | |
| २८ | इन्जिनियर | निरात पाठक | |
| २९ | नायव सुब्बा | चित्र ब० अधिकारी | |

Scanned with CamScanner

**मिति २०७७/०८/२३ गते विहान ११ बजे बस्ने कार्यपालिकाको बैठकको प्रस्तावहरु :**

१. पन्थेस्वारा भीमसेन पार्क सडक Track open सम्वन्धमा ।
२. पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ सम्वन्धमा ।
३. IUDP को म्याद थप गर्ने (२०७५ भाद्र देखि २०७७/०९/३०) सम्म र रकम भुक्तानी सम्वन्धमा
४. 'घ' वर्गको इजाजत पत्रको अनुमोदन सम्बन्धि कार्यविधि संशोधन र हालसम्मको स्विकृती सम्वन्धमा ।
५. वडा नं. १२ का हिमालयन नेक्टर प्लस प्रा.लि.को नाममा जग्गा रजिष्ट्रेसन बापत ७५% छुट दिने सम्वन्धमा ।
६. सुनौलो परिवार नेपाल, हरमटारीको नविकरण गर्ने सम्बन्धमा ।
७. ईट्टा उद्योग नविकरण सम्वन्धमा ।
८. नव कान्तिपुर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को मुद्दा सम्बन्धमा ।
९. आवधिक योजनाको ५ लाख,जे.सि.तालिमको लागि १ लाख, राजस्व सुधार अध्ययन बापत २ लाख सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशमा माग गर्ने सम्बन्धमा ।
१०. IEE प्रतिवेदन स्विकृती सम्बन्धमा ।
११. सवारी साधन खरिद सम्बन्धमा ।
१२. क्वारेन्टाइन र आइसोलेसन सम्वन्धमा र भुक्तानी सम्बन्धमा ।
१३. कृषि कार्यक्रम संचालन कार्यविधि २०७७ स्वीकृती सम्बन्धमा ।
१४. रासायनिक मल विक्रीको लागि पेश भएका आवेदनहरु ५,६,१३ र १४ वडा बाट प्राप्त भएको सम्बन्धमा ।
१५. जिन्सी सामान लिलाम गर्ने सम्बन्धमा ।
१६. नगर प्रमुख कल्याणकारी आर्थिक सहायता कार्यविधि, २०७७ सम्वन्धमा ।
१७. व्यवसाय कर, दर्ता, नविकरण, संचालन कार्यविधि, २०७७ सम्बन्धमा ।
१८. घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ सम्बन्धमा ।
१९. फोहोर मैला व्यवस्थापन सम्वन्धमा ।
२०.डोजर अप्रेटर र चौकीदार करार सेवामा राख्ने सम्बन्धमा ।
२१. स्टोन पार्कको डिपिआर तयार गरी अनुमती दिने सम्बन्धमा ।

Scanned with CamScanner

**मिति २०७७।०८।२३ गते वसेको कार्यपालिका वैठकका निर्णयहरु :**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा पन्थेश्वारा भिमसेन पार्क सडक ट्रयाक ओपन गर्न थप कार्य बाकी रहेकोले थप कार्यको लागि स्टमेट अनुसार नपुग रकमको लागि मर्मत संभार कोषवाट व्यहोर्ने गरी रु ५ लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा वैठकमा पेश हुन आए वमोजिमको पशु विकाश कार्यक्रम कार्यान्वयन कार्याविधि,२०७७ संसोधन सहित स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वीकृत शहरी विकास योजना (IUDP)को म्याद मिति २०७५ भाद्र २७ गते देखि २०७७।०९।३० सम्म थप गर्ने र परामर्शदातावाट अन्तिम प्रतिवेदन प्राप्त भएकोले सम्झौता वमोजिमको वाकी रकम रु १८९८४००। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७४।१२।१३ मा यस कार्यलयवाट जारी गरिएको (घ) वर्गको निर्माण व्यावसायी ईजाजत पत्रको दफा ३ मा, दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले ईजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्ने विद्यमान व्यवस्थालाई संसोधन गरी (घ) वर्गको ईजाजत पत्र समितिको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृतले ईजाजत पत्र जारी गर्ने र कार्यपालिका वैठकवाट अनुमोदन गर्नुपर्ने गरी कार्यविधि शंसोधन गर्ने । यस अघि जारी गरिएका सवै ईजाजत पत्रहरु अनुमोदन गर्ने र नयाँ ईजाजत पत्र माग भई आएका लुङ्गेली ईनिजिनियर कन्सल्टेन्सी गो.न.पा. ७, ए.एस.निर्माण सेवा गो.न.पा.७,कैलास ईन्जिनियरीङ् एण्ड कन्सल्ट्यान्ट गो.न.पा.१२ र कृपा कन्सल्ट्यान्ट गो.न.पा.३ लाई ईजाजत पत्र जारि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा गण्डकी प्रदेश आर्थिक नियामावलीको दफा ३ मा सामूहिक खेती योजना अर्न्तरगत कृषि उत्पादन वढाउने उद्देश्यले व्यक्तिहरु मिलि जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग गरी उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखित पारित भएमा सो मा लाग्ने रजिष्टेशन दस्तुरमा ७५ प्रतिशद छुट हुने व्यावस्था वमोजिम यस नगरपालिकामा पनि सो उद्देश्यले रजिष्ट्रेशन छुटको लागि पर्न आएका निवेदन माथि आवश्यक जाँच बुझ गरी प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका वैठकवाट पछि अनुमोदन गर्ने गरी सिफारिस गर्ने र यस अघि सिफारिस गरिएको यस्ता प्रकृतिका सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुनौलो परिवार नेपालको हरमटारी शाखाको नविकरणको लागि दर्ता भएको निवेदन वमोजिम नगरपालिका कार्यालयको अनुगमन समितिको प्रतिवेदनको आधारमा नविकरण गर्न भनी पेश हुन आएकोले उक्त संस्थाको मिति २०७८ अषाढ मसान्त सम्मको लागि नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा गो.न पा. वडा नं. १४ मा रहेका सुरज वावु पन्थको कविर वावा ईट्टा उद्योगलाई नवीकरण गर्न घरेलु तथा साना उद्योग कार्यालय गोरखामा तहाँ कार्यालयको नियम वमोजिम गरिएको सिफारिस लाई अनुमोदन गर्ने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा नव कान्तिपुर प्रा. लि. ले यस कार्यालयको विरुद्ध दायर गरेको मुद्धा फिर्ता लिने र निजले सम्झौता गरे बमोजिम उत्खनन गर्न बाँकी रहेको १६७७१ घन मी. परिणामको नदिजन्य पदार्थ उत्खनन ,संकलन तथा बिक्री वितरण गर्न नगर पालिकाले अनुमती दिएमा मुद्धा फिर्ता लिन उच्च अदालत पाटनमाँ निवेदन दिएको र उच्च अदालतको मिति २०७७।०८।१८ को रिट नं. ०७७-WO-००३० को मुद्धामा मुद्धा फिर्ता गर्न अनुमती प्राप्त भएको र चालु आ.व.मा भएको IEE प्रतिवेदन वमोजिम वाकी रहेको १६७७१ घन मी.सम्झौता वमोजिमको नदिजन्य पदार्थ नन्द किशारी घाट ,लुंदी खोला घाट लगाएतका अन्य घाटवाट मेशिन प्रयोग गरी झिक्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा गण्डकी प्रदेश सामाजिक विकाश मंत्रालय संग आवधिक योजना निर्माणको लागि ५ लाख ,जे.सी.तालिमको लाई १ लाख र राजश्व सुधार सम्भाव्यता अध्ययन योजनाको लागि २ लाख माग गर्ने निर्णय गरियो । साथै आवधिक योजना निर्माण र राजश्व सुधार सम्भाव्यता अध्ययान प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० माथि छलफल गर्दा सम्झौतामा उल्लेख भए अनुसार प्राप्त भएको IEE प्रतिवेदन स्विकृत गर्ने र सो वमोजिम प्रतिवेदनमा उल्लेख भए वमोजिम हात्तिसेरा घाट र पौदी भिर घाट हाल ठेक्का ननिकाली अन्य घाटको ठेक्का प्रकृया अगाडि वढाउने निर्णय गरियो । साथै सम्झौता वमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्दै आएको वलेरो जिप पुरानो भई पटक पटक बिग्री रहने, जति मर्मत गर्दा पनि विच वाटोमानै समस्या देखिने भएको हुँदा नयाँ गाडी खरिदको लगि आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बहिरा मा.वि. मा रहेको क्वारेन्टीन र गोरखा क्याम्पसमा रहेको आईसोलेसनको औचित्य समाप्त भई सकेको हुँदा त्यसलाई औपचारिक रुपमा बन्द गर्नै निर्णय गरियो । साथै नयाँ स्थानमा आईसोलेसन र त्यस पछि नगर अस्पतालको रुपमा विकास हुने गरी आवश्यक जग्गा खोजी गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ माथि छलफल गर्दा बैठकमा पेश हुन आए वमोजिमको कृषि कार्यक्रम सञ्चालन कार्यविधि, संसोधन सहित २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ माथि छलफल गर्दा रासायनिक मल विकी गर्न ईच्छुक सवै वडाका सहकारीहरुलाई आवेदन पेश गर्नको लागि सूचना गरिएकोमा वडा नं. ५,६,१३ र १४ वडाबाट आवेदन प्राप्त नभएको जानाकारी गराईयो । साथै ३ दिन भित्र बाकी वडाहरुवाट समेत पर्न आएका आवेदनहरुलाई संलग्न गराउने निर्णय गरियो ।

**निर्णय नं. १५ :** प्रस्ताव नं. १५ माथि छलफल गर्दा न.पा.वाट आ.व. ०७६।०७७ को जिन्सी निरिक्षण प्रतिवेदन वमोजिमका लिलाम विकिका लागि सिफारिस गरिएका समानहरु नियामानुसार लिलाम बिक्री गर्न स्वीकृत दिने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

**निर्णय नं. १६ :** प्रस्ताव नं. १६ माथि छलफल गर्दा बैठकमा पेश हुन आएको नगर प्रमुख कल्याणकारी आर्थिक सहायता कार्यविधि, २०७७ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :** प्रस्ताव नं. १७ माथि छलफल गर्दा बैठकमा पेश हुन आएको व्यावसाय कर ,दर्ता,नविकरण,सञ्चालन कार्यविधि, २०७७ लाई व्यापक रुपमा अध्यायन गरी अर्को कार्यपालिका बैठकमा प्रस्ताव ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १८ :** प्रस्ताव नं. १८ माथि छलफल गर्दा घर बहाल कर व्यावस्थापन कार्यविधि ,२०७७ लाई व्यापक रुपमा अध्ययन गरी अर्को कार्यपालिका बैठकमा प्रस्ताव ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १९ :** प्रस्ताव नं. १९ माथि छलफल गर्दा हालको विद्यमान फोहोर मैला व्यवस्थापनमा नगरपालिकाले गरी राखेको प्रकृया लाई थप व्यवस्थित र प्रभावकारी वनाउन निजि श्रेत्रलाई फोहोर मैला संकलन,विकी वितरण र व्यवस्थित व्यवस्थापन गर्ने सम्वन्धमा प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :** प्रस्ताव नं. २० माथि छलफल गर्दा यस कार्यालयमा डोजर अप्रेटरको रुपमा कार्यरत चालक लक्ष्मण घिमिरेले स्वच्छिक राजिनामा दिनु भएकोले उक्त स्थानमा १ जना डोजर चालक र हाल १ जना मात्र चौकीदारले २४ घण्टानै पालो पहरा गर्न समस्या परेको हुँदा थप १ जना चौकीदार करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** प्रस्ताव नं. २१ माथि छलफल गर्दा स्टोन पार्कको डिपिआर सम्वन्धमा चालु आ.व.मा ठेक्का प्रकृयावाट निर्माण गर्नु पर्ने स्टोन पार्कको डिपिआर तयार गरी कार्य प्रारम्भ गर्न अनुमती दिने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

Scanned with CamScanner